*अन्तिम मस्यौदा*

# सिरानचोक गाउँपालिकाको उद्यम व्यवसाय (स्थापना तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०७७

## सिरानचोक गाउँपालिका

छोप्राक, गोरखा

गण्डकी प्रदेश

२०७७, मंसिर

# भूमिका

सिरानचोक गाउँपालिका, गोरखामा उद्यम व्यवसाय प्रवर्द्धन तथा विस्तारका लागि सो सम्बन्धी प्रक्रियाहरूबारे अद्यावधिक जानकारी प्रदान गर्नका लागि यो कार्यविधि तयार गरिएको छ। यस कार्यविधिमा गाउँपालिकामा उद्यम व्यवसायको दर्ता, नवीकरण, नियमनलगायतका प्रक्रियाहरू सम्बन्धमा विस्तृत जानकारी समावेश गरिएको छ। सिरानचोक गाउँपालिकाको सन्दर्भमा यस कार्यविधि तयार गर्दा संघीय, प्रदेश र स्थानीय कानून तथा मार्गदर्शनहरूलाई आधार लिइएको छ। साथै सिरानचोक गाउँपालिकाको विद्यमान परिवेश तथा उपलब्ध आँकडाहरूलाई समेत विचार गरिएको छ। संघीय कानूनअन्तर्गत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा तोकिएबमोजिमका उद्यम व्यवसाय दर्ता, नवीकरण, खारेजी र नियमनसम्बन्धी अधिकार संघीय ऐनबाट स्थानीय तहलाई नै भएकाले सिरानचोक गाउँपालिकाको इलाकाभित्र कार्यक्षेत्र भएका उद्योग व्यापार दर्तालगायतका कार्यहरू गाउँपालिकाबाट नै हुने गरी यो कार्यविधि तयार गरिएको छ। साथै सहकारी व्यवसाय सम्बद्ध द्विविधा पनि स्पष्ट गरिएको छ। यसैगरी उक्त ऐनको दफा १२० मा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिएको कुरामा यसै ऐनबमोजिम हुने भनी किटानसाथ उल्लेख भएकाले संघीय तथा प्रदेश औद्योगिक व्यवसाय ऐन र सम्बद्ध अन्य ऐनहरूमा अन्य व्यवस्था उल्लेख भए तापनि सिरानचोक गाउँपालिकाको इलाकाभित्र सीमित रहने गरी तोकिएबमोजिमका उद्यम-व्यवसायको दर्ता, नवीकरणलगायतका कार्यहरू नगरपालिकाले नै गर्न सक्ने गरी संघीय तथा प्रदेश निकायहरूबाट अधिकार प्रत्यायोजन तथा सहजीकरण हुने अपेक्षा गरिएको छ। यस कार्यविधिको कार्यान्वयनमा सघाउन उद्यम-व्यवसायको प्रवर्द्धन, दर्ता, नियमन तथा सुविधा सहुलियतसम्बन्धी जानकारी पुस्तिका (सन्दर्भ सामग्री) समेत तयार गरिएको छ। यो कार्यविधि तयार गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा प्रकाशित गाउँपालिका/नगरपालिका व्यवसाय करसम्बन्धी कार्यविधि, २०७६ (नमुना) लाई पनि सन्दर्भ लिइएको छ।

बेलायत सरकारको पूर्णिमा परियोजनाका लागि मोट म्याकडोनाल्ड कम्पनीसँग भएको सम्झौताबमोजिम यो कार्यविधि तयारी भएको हो। कोरोना संक्रमणका कारण स्थलगत रूपमा अन्तरक्रिया हुन नसकेबाट अपेक्षाबमोजिमका स्थलगत कार्यहरू सम्पन्न हुन सकेनन् तथापि यस कार्यविधिको प्रारम्भिक मस्यौदा सम्बन्धमा मिति २०७७ भदौ २६ गतेका दिन गाउँपालिकाका सरोकारवाला पदाधिकारीसँग सम्पन्न भएको दूरसञ्चार प्रविधि (जुम) प्रस्तुति तथा छलफलमा सरोकारवालाहरूबाट प्राप्त सुझावहरूलाई समेत समेटेर यो परिमार्जित मस्यौदा तयार गरिएको थियो। परिमार्जित मस्यौदाका सम्बन्धमा मिति २०७७ असोज २६ गतेका दिन गाउँपालिकाको पदाधिकारीका साथै निजी क्षेत्र र नागरिक समाजका पदाधिकारीहरूको उपस्थितिमा गाउँपालिकामा भएको अन्तरक्रियामा प्राप्त सुझावहरू समेतलाई उपयुक्तताअनुसार समेटेर यो अन्तिम मस्यौदा तयार गरिएको छ।

यस कार्यमा सघाउनु हुने गाउँपालिकाका प्रमुख श्री राजु गुरुङ, उपाध्यक्ष श्री रीता देवकोटा, प्रमुख प्रशासकीय अधिकृत श्री राजन भट्टराई तथा अन्य पदाधिकारी तथा कर्मचारीहरू सबैलाई धन्यवाद दिन चाहन्छौं। यसैगरी यस महत्वपूर्ण कार्यमा समन्वय तथा सहजीकरण गर्नु हुने पूर्णिमा परियोजनाका श्री सन्तोष विष्ट, श्री रवीन्द्र सिंह, श्री विकास पन्थी, श्री अर्जुन विश्वकर्मा, श्री शेरबहादुर बोहरालगायत सम्पूर्ण टोलीलाई विशेष धन्यवाद व्यक्त गर्दछौं।

**सेन्टर फर इम्पावरमेन्ट इनोभेसन एन्ड डेभलपमेन्ट (CEMID-Nepal)**

**एकान्तकुना, जावलाखेल, ललितपुर**

२०७७, मंसिर

# विषयसूची


| | |
|---|---|
| परिच्छेद- १ प्रारम्भिक | १ |
| परिच्छेद- २ उद्यम व्यवसायको किसिम, दर्ता तथा नवीकरणसम्बन्धी व्यवस्था | २ |
| परिच्छेद- ३ उद्योग व्यवसायको वर्गीकरण, नियमन, अनुगमन तथा निरीक्षण | ८ |
| परिच्छेद- ४ व्यापार व्यवसायको वर्गीकरण | ११ |
| परिच्छेद- ५ विविध | १३ |
| अनुसूचीहरू | १५ |